# बर्दिवास नगरपालिकाको नदी खोला र क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी कर सम्बन्धी ठेक्का

## ठेक्का नं. :- 26../NCB/Bardibas/2078/079

# बोलपत्र फाराम

बोलपत्र नं ....

**बर्दिवास नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**बर्दिवास, महोत्तरी**

प्रदेश नं २, नेपाल

बोलपत्र दस्तुर : ३०००।–



बर्दिबास नगरपालिका

# विषय सूची

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
प्रदेश नं.२ नेपाल
२०७३

भाग १ बोलपत्र आव्हानको सूचना........................................३
भाग २ आन्तरिक आय ठेक्का सम्बन्धी शर्तहरु..............................५
भाग ३ विभिन्न फारामहरु ..................................................९

## भाग १

# बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बर्दिबास, महोत्तरी
**स्थापना २०७३**
**(दफा ११को उपदफा (१२)सँग सम्बन्धित )**

**आ.ब. २०७८/०७९को बर्दिवास नगरपालिका क्षेत्रभित्र रहेका नदी खोला र क्रसर उद्योगबाट उत्पादन हुने सबै खाले ढुंगा,गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी कर ठेक्काको लागि बोलपत्र आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक बोलपत्र प्रकाशित मितिः२०७८।०२।२९**

स्थानीय स्सरकार संचालन ऐन २०७४को दफा ११को घ(६),दफा ६२क र ढुंगा,गिटी तथा बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७को दफा ११को उपदफा (१२) तथा दफा १९ मा व्यवस्था भए बमोजिम तोकिएको स्थानहरुबाट स्वीकृत मापदण्ड बमोजिम र प्रदेश नं.२ को आर्थिक ऐन २०७७ को दफा ६को व्यवस्था र नगर कार्यपालिका बोर्डको मिति २०७७।०९।२६को निर्णयबमोजिम आ.ब. २०७८/०७९ मा तपशिलमा उल्लेखित नगरपालिका क्षेत्रभित्र रहेका नदी खोला र क्रसर उद्योगबाट उत्पादन हुने सबै खाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्र्भेल नगरपालिका बाहिर हुने निकासी कर ठेक्काको हकमा २०७८साउन देखि २०७९आषाढ मसान्तसम्मको लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनिहरुले फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र,मुल्य अभिविद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| क्र.सं. | बोलपत्र नं. | ठेक्का । बोलपत्रको नाम | ठेक्का अवधि | बार्षिक कुल परिमाण ( घ.मी.) | बार्षिक न्यूनतम कबोल अंक ( मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | २८/NCB/ Bardibas /078/079 | बर्दिवास नगरपालिकाको क्षेत्रभित्र रहेका नदीखोला र क्रसर उद्योगबाट उत्पादन हुने सबै खाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्र्भेल नगरपालिका बाहिर हुने निकासी कर ठेक्का | २०७९ आषाढ मसान्त कायम हुने | ५२५६०० घ.मी. | ५,५६,४५,२७२।०० अक्षरेपी पाच करोड छपन्न लाख पैतालीस हजार दुइ सया बहतर मात्र | कबोल अंकको ५ प्रतिशत | ३०००।- |

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र,मुल्य अभिवृदि कर दर्ता प्रमाणपत्र,आ.व.२०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर कृषि विकास बैंक लि.शाखा कार्यालय बर्दिबासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बर्दिबास ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा नगद जम्मा गरेको नगद भौचर साथ एवं धरौटी वापतको रकम कृ.वि.बैंक लि. बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन म्याद रहेको बैंक जमानत पत्र(Unconditional Bid Bond) पत्र साथ E-bidding मार्फत यो सूचना प्रथम पटक प्रकाशीत भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र विद्युतिय माध्यमबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धि सम्पूर्ण कागजातहरु डाउनलोड तथा अबलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको कृ.वि.बैंक बर्दिबासमा रहेको आन्तरिक राजश्व खाता बर्दिबास ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश

प्रसाद पराजुली
अधिकृत

गर्ने अन्तिम मिति दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि वा लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३. बोलपत्र संम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. आफुले कबोल गरेको अंकका ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृ.वि.बैंक लि.बर्दिबास शाखामाा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त मान्यता प्राप्त. बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड समेत स्क्यान गरी विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ ।

५. खरिद गरिएको बोलपत्र फारमहरुका उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा विद्युतिय प्रति दर्ता गर्नु पर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

८. प्रि-बिड बैठक सुचना प्रकाशन भएको १६(औ) दिनमा दिनको १२ बजे बर्दिबास नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

९. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेखित गरिएको हुदा वोलपत्र पुस्तिका डाउनलोड गरी अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको वा घरदैलोमा सुचना टास भएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाण पत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त.बैंकबाट यस कार्यालयको नाममा २०७९साल असारमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टि (परफरमेन्स बन्ड ) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ ।

१३. साथै बोलपत्र कबुल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ.कर(VAT), आयकर तथा अन्य कर बोलपत्रदाताले नेपाल सरकारलाई सम्बन्धित निकाय मार्फत छुट्टा छुट्टै बुझाउनु पर्नेछ ।

१४. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरीने छ ।

१५. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन२०७४,ढुंगा,गिटी तथा बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड२०७७ तथा ढुंगा,गिट्टी तथा बालुवा उत्खनन तथा संकलन सम्बन्धि स्थानीय तहबाट जारी भएका कानुन,प्रदेश कानून,संघीय कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन २०७७ यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१६. अन्य कार्यविधी ,मापदण्ड ,सार्वजनिक खरिद ऐन २०६३ ,सार्वजनिक खरिद नियमावली २०६४ दशौ संशोधन सहित तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१७. ठेक्का सूचनाको विस्तृत विवरण बर्दिबास नगरपालिका,नगर कार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गरिएको र कार्यालयको वेवसाइट www.bardinasmun.gov.np मा राखिएको छ । साथै विस्तृत जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

रेवती प्रसाद पराजुली
प्रशासकीय अधिकृत

## भाग-२

## आन्तरिक आय ठेक्का सम्बन्धी शर्तहरु

आय ठेक्का सम्बन्धी शर्तहरु :-

१. बोलपत्र फारम सूचना प्रकाशित भएको ३० औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिने छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट (३१औं) दिनको को १२:०० भित्र रहनेछ। दर्ता हुन आएको बोलपत्रहरु ३१औ दिनमा दिनको २:०० बजे बर्दिवास नगरकार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र फारामहरु खरिद,दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाइटर स्वयंम उपस्थित हुनुपर्नेछ । उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा आधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सक्नेछ ।

२. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयका कृषि बिकास बैंक बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं १००६३०११४९१२८०६७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैकबाट यस कार्यालयको नाममा बोलपत्र नं.र नाम उल्लेख गरी कम्तिमा ४(चार)महिना म्याद जारी गरिएको विड वण्ड सिलबन्दी खाम साथ संलग्न राखी पेश गर्नु पर्नेछ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन साथै उक्त धरौटी रकम प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दाताले प्रत्येक पानामा सहीछाप गरेर शिलबन्दी गरी खामको बाहिरपट्टि ठेक्काको नाम, ठेकेदारको नाम,ठेगना, काम विवरण, ठेक्का विवरण, सम्पर्क नम्बर र बर्दिवास नगरपालिकाको कार्यालय, बर्दिवास भनी प्रष्ट बुझ्ने गरी लेख्नु पर्नेछ । बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी प्रस्टसंग लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. बोलपत्र दिदा कुनै प्रकारको शर्त मान्य हुने छैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईने छैन ।

५. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बिशेष अवस्थामा सुचना उल्लेखित शर्त र समय हेरफेर गर्न सकिनेछ ।

६. यस सुचना तथा बोलपत्र संलग्न अन्य शर्तहरु पूरा नभएको बोलपत्रहरु मूल्यांकन समाबेश गरिने छैन ।

७. बर्दिवास नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

८. सबै भन्दा बढी ठेक रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

९. ठेक्का अवधि २०७८ साउन देखि २०७९ आषाढ मसान्तसम्म रहनेछ । प्रतिष्पर्धाबाट छनौट भएको फर्मले साकार गरेको बार्षिक कुल कबोल अंकलाई २(दुई) किस्तामा यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । स्वीकृत कबोल रकम बमोजिमको प्रथम किस्ता बापत ५०%बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि दास्रो किस्ताको रकम वापत कार्यालयको नाममा २०७९साल असार मसान्तसम्मको कार्य सम्पादन जमानत/बैंक ग्यारेन्टि (Performance Bond ) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । दोस्रो किस्ता २०७९बैशाख मसान्त भित्र बुझाइसक्नु पर्नेछ । साथै ठेकेदारले कबोल गरेको सम्पुर्ण रकम एकमुस्ठ अग्रिम रुपमा बुझाएमा कबोल अंकको १०% रकम छुट दिइने छ ।

१०. फर्म वा ठेकेदारले आयकर वापतको १.५ प्रतिशत र मू .अ. कर वापतको १३ प्रतिशत हुने रकम किस्ता बुझाउँदा दामासाहीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

११. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनु पर्ने मु.अ.कर,आय कर लगायत अन्य करहरु ठेकेदार स्वंयमले व्यहोर्नु पर्नेछ र ठेक्का रकमबाट घटाउन पाइने छैन ।

१२. ठेक्का स्वीकृत भई कार्यालयले मांग गरे बमोजिमको बैंक ग्यारेन्टी रकम दाखिला गरी तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

१३. यस नगरका क्षेत्रभित्र भएर बग्ने नदी खोला तथा नगर क्षेत्रभित्र स्थापना भएका क्रसर तथा नदीजन्य पदार्थ प्रशोधन उद्योहरुबाट उत्पादन भएका सबैखाले गिटी ,प्रशोधित बालुवा ग्राभेल लगायत अन्य सामग्रीहरु बिक्री गरी पालिका बाहिर निकासी सन्दर्भमा क्रसर उद्योगले गराएको IEE प्रतिवेदन२०७७, नदीजन्य निर्यात सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवम् नेपाल सरकारबाट जारी भएका निर्देशनहरु बर्दिवास नगरपालिको ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ ।

१४. निकासी कर संकलन केन्द्र । IEE प्रतिवेदन २०७७का सुझाव, दररेट एवं अन्य ठेक्का सम्बन्धी शर्तहरु सम्बन्धमा बुझ्न आवश्यक परेमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१५. संघीय सरकार, प्रदेश सरकार, जिल्लास्तरीय अनुगमन समिति तथा यस कार्यालयले ठेक्का सञ्चालन सम्बन्धमा समय समयमा दिईएका नीति निर्देशनहरु ठेकेदारले पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

१६. भिजेको चिसो बालुवाबाट पानी बगी बाटो बिग्रने भएकोले चिसो बालुवा ढुवानीमा पूर्णरुपमा रोक लगाईएको छ । सुख्खा बालुवा छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

१७. बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्यतालिका पेश गर्नुपर्नेछ ।

१८. बोलपत्रमा संलग्न विवरण अनुसार नबढ्ने गरी ढुंगा, गिट्टी, बालुवा ढुवानी गर्न दिनु पर्नेछ।

१९. ठेकेदारले स्थानीय सामाजिक मूल्य मान्यतामा नकारात्मक असर पर्ने कुनै क्रियाकलाप गर्न पाउने छैन ।

२०. ठेक्कामा कुनै विवाद भएमा बर्दिवास नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

... प्रसाद पराजुली
...कीय अधिकृत

२१. रितपूर्वक बोलपत्र आव्हान भई ठेक्का लगाउँदा ठेकेदारको नाउँ मा ठेक्का स्वीकृत भएमा प्रदेश सरकारले तोकेको अधिकतम दररेटलाई आधार मानी नगरपालिकाले निर्धारण गरेबमोजिमको दररेट अनुसारको निकासी कर संकलन गर्नु पर्नेछ।

२२. ठेक्का कबोल गर्ने ठेकेदारले निकासी कर संकलन गर्दा प्रयोग गर्ने ३ (तिन)प्रति भएको रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२३. फर्म वा ठेकेदारबाट निकासी कर काटिएका रसिदहरुबाट आम्दानी गरिएको रकम निकासी आय खातामा मू. अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र मासिक रुपमा बर्दिवास नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

२४. फर्म वा ठेकेदारले उठाउने कर कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साइन बोर्ड सबैले देख्ने गरी सम्बन्धीत केन्द्रमा राखिएको हुनुपर्नेछ ।

२५. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा राष्ट्रियस्तरको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

२६. बन्द हडताल जस्ता मानव श्रृजित कारणबाट श्रृजना हुने अवस्थाको कारण कर छुट वा मिन्हा दिन सकिने छैन।

२७. करयोग्य वस्तु तथा त्यसमा लाग्ने करको दर सम्बन्धी विवरण कर संकलन केन्द्रमा होडिंग बोर्ड बनाई सर्वसाधारणले देखिने गरी राख्नु पर्नेछ ।

२८. तोकिएको दररेट भन्दा बढी कर संकलन गरेमा गठित अनुगमन समितिहरुले त्यस्तो अनियमित कार्य गरेको फेला परेमा सिफारिसको आधारमा ऐन, नियम बमोजिम कार्यवाही गरिनेछ ।

२९. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

३०. बर्दिबास नगरपालिकाको विकास निमार्ण कार्यक्रम संचालन गर्ने क्रममा नगरपालिका स्वयम् वा अमानतमा काम गराउँदा सवारी साधन मार्फत ी प्रयोग गरेको ढुङ्गा, गिटी बालुवा , ग्रावेल, रोडा, रातोमाटो, आदि र विदेशी दातृ निकायसंग भएको कर छुट सम्बन्धित सम्झौता भई संचालन हुने योजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन । ।

३१. कारोबार हेर्दा बालश्रमको प्रयोग गर्ने तथा वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाइने छैन ।

३२. बोलपत्र स्वीकृत गर्ने आश्यको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

३३. फर्म वा ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाइने छैन ।

३४. संघीय सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

३५. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा स्थानीय सरकार संचालन ऐन २०७४(दोश्रो संशोधन सहित), ढुंगा,गिटी तथा बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धि कार्यविधि २०७५ बमोजिमका साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

# भाग- ३

## विभिन्न फारमहरु

### ३.१ निवेदन

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,

बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी ।

**बिषय :** नगरपालिका क्षेत्र भएर बग्ने नदी खोला तथा क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी कर बोलपत्रसम्बन्धि ठेक्का शिलबन्दी बोल पत्र पेश गरेको बारे ।

महोदय,

उपरोक्त बिषयमा बर्दिबास नगरपालिकाको आन्तरिक आय तर्फ नगरपालिका क्षेत्र भएर बग्ने नदी खोला तथा क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी कर बोलपत्र सम्बन्धि ठेक्का लागि तहाँ कार्यालयबाट मिति २०७८।....।..... गते प्रकासित सुचना बमोजिम देहायको ठेक्का लिन इच्छुक भई यने सिलबन्दी बोलपत्र पेश गरेको छु । छौ ।

| ठेक्का नं | ठेक्का को विवरण | कैफियत |
|---|---|---|
| २८../NCB/Bardibas/079/79 | नदी खोला तथाक्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी करको लागी बोलपत्र सम्बन्धि ठेक्का | |

बोलपत्रदाताको दस्तखत :

बोलपत्रदाताको नाम :

फर्मको नाम:

ठेगाना :

फोन नं. :

### ३.२ बोलपत्रदाताले कबोल गरेको ठेक्का अंक तथा धरौटीको विवरण सहितको बोलपत्र फारम

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं.२, नेपाल
२०७३

## बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बर्दिबास ,महोत्तरी
## स्थापना २०७३

**आय ठेक्का नं.२८./NCB/Bardibas/2078/079**

बर्दिबास नगरपालिकाको नदी खोला तथा क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी करको बोलपत्र फारम

| क्र.सं. | ठेक्काको विवरण | बार्षिक न्युनतम कबोल अंक (मु.अ.कर बाहेक) | बोल कबोल अंक | | धरौटी रकम (कबोल अंकको ५प्रतिशत ले हुनै) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| १ | बर्दिबास नगरपालिकाको नदी खोला तथाक्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी कर | | | | | | |

(I) नगद दाखिला गरेको बैक भौचर नं.
बैंक खाता नं. :
दाखिला गरेको मिति :

(II) बिड बण्ड भएको भए बैंक को नाम :
विड बण्ड नं:
विड बण्ड मान्य अवधि
जारी गरेको मिति :

**बोलपत्र पेश गर्नेको:**
दस्तखत :
फर्मको नाम तथा छाप :
नाम थर :
ठेगाना :
सम्पर्क नं
मिति :

१०

## ३.३ बोलपत्रदाताले बोलपत्र साथ पेश गरेको कागजातहरुको विवरण

क)बर्दिबास नगरपालिकाको नदी खोला र क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी कर ठेक्का कार्यको लागि बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेका कागजातहरुको विवरण :

(I.) प्रोपराइटर वा प्रतिनिधिको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ☐

(II)फर्मको हकमा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि ☐

(III)मूल्य अभिवृद्धि करको दर्ता प्रमाणपत्रको प्रतिलिपि ☐

(IV)आ.ब. २०७६।०७७को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ☐

(V)अन्य भए ..........................................................................................

फर्म वा व्यक्तिको नाम :
सही :
फोन नं./मो. नं. :
ठेगाना :
मिति :
छाप :

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं.२, नेपाल
२०७३

## ३.४ स्वः घोषणा पत्र

................................................................ म/हामी आफु यस अघि कुनै पनि खरिद कारबाहीमा भाग लिन अयोग्य भएको, प्रस्तावित ठेक्का कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएका,कालो सूचीमा नपरेको र सम्बन्धित पेशा वा व्यवसाय कसुरमा आफुले सजाय नपाएको घोषणा गर्दछु /गर्दछौ । ( ***आफ्नो लेटर हेडमा लेख्नुहोला*** )

फर्म वा व्यक्तिको नाम :

सही :

फोन नं :

मोबाइल नं.

ठेगाना :

मिति :

छाप :

## ३.५ स्वीकृत पत्र (Letter of Acceptance)

श्री ............ (ठेकेदारको नाम ठेगाना लेख्नुहोस् )

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं.२ नेपाल

**विषय : स्वीकृतिको सुचना**

यस कार्यालयको मिति ........................ (मिति लेख्नुहोस् ) को आन्तरिक आय संकलनमको बोलपत्र आव्हानको सुचना अनुसार ........................................................ (ठेक्काको नाम र नं लेख्नुहोस्) आन्तरिक आय संकलन गर्न तपाईले पेश गर्नू भएको बोलपत्र स्वीकृत गरिएको व्यहोरा यो सुचनाद्धारा जानकारी गराउदछौं ।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर गर्न यो पत्रको मिति सात (७) दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन तपाईलाई सुचित गरिन्छ । बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेखित करारका विषेश शर्तहरुमा तोकिए अनुसारको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यहोरा पनि तपाईलाई जानकारी गराईन्छ ।

माथि तोकिएको म्याद भित्र कार्य सम्पादन जमानत पेश गर्न र करार सम्झौतमा हस्ताक्षर गर्न तपाई सफल नभएमा तपाईले पेश गर्नु भएको बोलपत्र जमानत कार्यालयले जफत गर्ने व्यहोरा पनि तपाईलाई जानकारी गराईन्छ ।

हस्ताक्षर :

नाम :

पद :

बर्दिबास नगरपालिका



... पराजुली
... अधिकृत

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं.२, नेपाल
२०७३

## ३.६ सम्झौता फारम (Agreement Form)

यो सम्झौता मिति........ (दिन) ........ (महिना ..... (साल) का दिन श्री ......................... ( कार्यालयको नाम र ठेगाना लेख्नुहोस) (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................. ( ठेकेदारको नाम र ठेगाना लेख्नुहोस) यसपछि ठेकेदार भनिने )बिच, आन्तरिक आय संकलनको लागि .................................. संक्षिप्त विवरण लेख्नुहोस्) को लागि बोलपत्र आव्हान गरेको र ठेकेदार रु...................... (कर सहितको सम्झौता मूल्य अंङ्ग र अक्षरमा लेख्नुहोस) यसपछि सम्झौताको मुल्य भनिने ) मा कबोल गरी पेश गरिएको बोलपत्र कार्यालयले स्वीकृत गरेको हुदाँ, दुवै पक्ष यो सम्झौतालाई निम्न अनुसार कार्यान्वयन गर्न सहमत भएका छन् ।

१. यस सम्झौतामा प्रयोग भएका शब्द र कथनको अर्थ, यो सम्झौतासंग सम्बन्धित करारका शर्तहरु निर्दिष्ट गरे बमोजिम हुनेछ ।

२. निम्न लिखित कागजातहरु यो सम्झौताको अंगको रुपमा रहेका छन् र तिनीहरुलाई यो सम्झौतासंगै पढिने र अर्थ लगाईनेछ :

क) कार्यालयले ठेकेदारको बोलपत्र पेश गरेको निवेदन र कबोल गरेको ठेक मुल्यको विवरण,

ख) ठेकेदारको बोलपत्र पेश गरेको निवेदन र कबोल गरेको ठेक मुल्यको विवरण

ग) करारका विशेष शर्तहरु ,

घ) करारका सामान्य शर्तहरु

ङ) आवश्यकता सम्बन्धि विवरण , र

च) (अन्य आवश्यक कागजातहरु लेख्नुहोस )

प्राथमिकता क्रममा यो करार सम्झौता, करार सम्बन्धि अन्य कागजातहरु भन्दा माथि हुनेछ र करार सम्बन्धी अन्य कागजातहरु माथि यो प्रभावी हुनेछ । करार सम्बन्धि कागजातहरुमा कूनै भिन्नता भएमा वा परस्परमा बाझिएमा, माथि दिईए अनुसार कै प्राथमिकता क्रममा तिनीहरु प्रभावी वा मान्य हुनेछन् ।

माथि उल्लेख भएको मितिमा, माथि नाम उल्लेख गरिएका पक्षहरु बिच, नेपालको कानुन बमोजिम यो सम्झौता भएको छ ।

हस्ताक्षर : - (कार्यालयको तर्फबाट आधिकारिक हस्ताक्षर)

हस्ताक्षर : (ठेकेदार तर्फबाट आधिकारिक हस्ताक्षर)

## ३.७ कार्य सम्पादन जमानत (Performance Security)

(ठेक्को नाम र नम्बर लेख्नुहोस् )

श्री ............................ *(कार्यालयको पुरा नाम लेख्नुहोस )*

श्री ................................ *(ठेकेदारको नाम लेख्नुहोस)* ले ......................... *(ठेक्काको नाम ,नम्बर लेख्नुहोस )* (जसलाई यसपछि "ठेक्का "भनिनेछ । कार्यान्यनको लागि ठेक्का स्वीकृतिको सुचना प्राप्त गरेको र सो सुचना बमोजिम ठेकेदारले कारार अन्तर्गत आफुले पूरा गर्नु पर्ने दायित्वको प्रत्याभुतिको लागि तपाई समक्ष नेपाल राष्ट बैक बाट इजाजत प्राप्त प्रतिष्ठित बैंकद्धारा जारी गरिएको तोकिए अनुसारको जमानत ..... *(जमानतको. किसिम लेख्नुहोस )*, पेश गनुपर्ने हुदा,...................... (जमानी दिनेको पूरा ठेगाना लेख्नुहोस ) मा आधिकारिक ठेगाना भएको, ......... *(जमानी दिने बैंकको पुरा नाम लेख्नुहोस्)* जसलाई यसपछि "बैंक" भनिनेछ ) ठेकेदारको तर्फबाट जमानत दनि मञ्जुर भएको छ ।

उल्लेखित सन्दर्भमा, हामी तपाई समक्ष घोषणा गर्दछौ कि हामी जमानी बसेकोले, अब उप्रान्त ठेकेदारको तर्फबाट जम्मा ...................... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्* ) तपाईलाई भुक्तानी दिन जिम्मेवारी हामीले लिएका छौ र करार अन्तर्गत ठेकेदारले आफनो कर्तव्य पूरा नगरेको भनि तपाईले लिखित रुपमा माग गरेको पहिलो पत्र प्राप्त हुने बितिकै अबरोध वा विवाद, ....................... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस)* सम्मको रकम पूरै वा सोको केही अंश, माथि उल्लेख गरिए अनुसार, तपाईबाट कुनै प्रमाण नमागिकन वा कारण नसोधिकन तपाईलाई भूक्तानी दिने छौ ।

यो जमानत...................... *(मिति, गते, महिना, साल, लेख्नुहोस)* सम्मको लागि मान्य हुनेछ ।

नाम:......................................... *( जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पुरा नाम)*

दर्जा : .......................................*( जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको दर्जा लेख्नुहोस् )*

हस्ताक्षर : .......................................*( माथि नाम र दर्जा खुलाईएको व्यक्तिले हस्ताक्षर गर्ने )*

श्री : ......................................... *(बैंक नाम लेख्नुहोस् छाप लागाउनुहोस् )* को तर्फबाट यो

जमानत पत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त र मिति :

*(मिति, गते, महिना, साल लेख्नुहोस् )*